सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ८ ♦ अंक ३२६ ♦ २०८२ साल असार २६ गते विहिवार ♦ 10s July 2025♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

## समयमै वर्षा नहुँदा मधेसमा खानेपानीको हाहाकार : मल, बिउ र सिँचाइको अभावले रोपाइँ पनि प्रभावित

**खबर दर्पण समाचारदाता**

**असार २५ गते, बर्दिवास**

एकातर्फ मौसम पूर्वानुमानले देशभर भारी वर्षाको चेतावनी दिइरहेका बेला मधेसमा भने अत्यधिक गर्मीले जनजीवन कष्टकर बनेको छ । मौसम पूर्वानुमान महाशाखाले मधेसबाहेकका अधिकांश प्रदेशहरूमा भारी वर्षाको सम्भावना रहेको उल्लेख गरे पनि मधेसमा लामो समयदेखि वर्षा नहुनुका कारण खडेरीको अवस्था सिर्जना भएको छ ।

उच्च तापक्रमका कारण जनजीवन प्रभावित भएको छ भने खेतीपातीमा पनि प्रतिकूल असर परेको छ ।




लामो समयदेखि वर्षा नहुँदा खेत सुक्खा रहेका छन्, जसले अन्न उत्पादनमा असर पार्ने चिन्ता बढाएको छ । त्यस्तै, अत्यधिक गर्मीका कारण सार्वजनिक खानेपानीका धारा (कल) सुक्न थालेका छन्, जसका कारण पानीको हाहाकारसमेत देखिन थालेको छ । स्थानीयवासीहरू उच्च तापक्रम र पानी अभावका कारण दैनिक जीवनमा कठिनाइ भोगिरहेका छन् ।

### मधेसमा व्यापक गर्मी, खानेपानीको गम्भीर संकट

मधेस प्रदेशको विभिन्न जिल्लाहरूमा हाल भइरहेको अत्यधिक गर्मीका कारण जनजीवन मात्र होइन, खानेपानी आपूर्तिमा समेत गम्भीर संकट देखापरेको छ । विशेषगरी ग्रामीण क्षेत्रका चापाकलहरू सुक्न थालेका छन् भने सहरी क्षेत्रमा पानी वितरण प्रणालीमै समस्या देखिएको छ । चुरे क्षेत्रको अत्यधिक दोहन, वन विनाश र भूमिगत जलस्रोतको अत्यधिक उपयोगका कारण पानीको सतह लगातार घट्दै

बाँकी पृष्ठ २ मा

## विपक्षी दलहरुको अवरोधका कारण मधेश प्रदेश सभाको बैठक चौथो दिन पनि स्थगित

**खबर दर्पण समाचारदाता**

**असार २५ गते, बर्दिवास**

विपक्षी दलहरूको अवरोधले मधेश प्रदेश सभाको बैठक आज चौथोदिन पनि स्थगित भएको छ ।

विपक्षी दलहरू जनता समाजवादी पार्टी (जसपा) नेपाल, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, नागरिक उन्मुक्ति पार्टी, संघीय समाजवादी पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) नेपालको अवरोधपछि बैठक भोलि बिहीबार दिउँसो १ बजेसम्मका लागि स्थगित गरिएको हो ।

प्रदेशसभा बैठकको सुरुमै प्रमुख प्रतिपक्षी दल जसपा नेपालका प्रमुख सचेतक रामअशिष यादवले बजेट वक्तव्यमा असमान र बिचौलियाको प्रवेश रहेकाले माग पूरा नभएसम्म सदन चल्न नदिने बताए ।

'सदनमा नियमित सत्ता पक्षका सांसदहरूको न्यून उपस्थितिले पनि बजेटप्रति उनीहरूको व्यापक असन्तुष्टि छ । असमान र बिचौलिया प्रवेश बजेटको बजेटको साक्षी विपक्षी दल बन्न सक्दैन । माग पूरा नभएसम्म हामी सदन चल्न दिन्नौं,' उनले भने ।




यसपछि सभामुख रामचन्द्र मण्डलले भोलि दिउँसो १ बजेसम्मका लागि बैठक स्थगित गरेका हुन् । बजेटमा रहेको व्याप्त असन्तुष्टिका कारण विपक्षी दलहरू बजेट पुनर्लेखनको माग गर्दै सदन अवरुद्ध गर्दै आएका छन् ।

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प



✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# समयमै वर्षा नहुँदा मधेसमा खानेपानीको ...............

गएको छ। यसले गर्दा मधेसका बारा, पर्सा, महोत्तरी, रौतहट, सिरहा, धनुषा, सप्तरी लगायतका जिल्लाहरूमा पानीको अभाव चुलिएको छ। धेरैजसो गाउँघरमा मुख्य पानीको स्रोतको रूपमा रहेका हातेचापाकलहरू अब ७०-८० फिटभन्दा तलको पानीसमेत तान्न नसक्ने अवस्थामा पुगेका छन्। कतिपय स्थानमा चापाकलमा मोटर जडान नगरी पानी नआउने अवस्था आएको छ। जनकपुरधाम, वीरगन्ज, जलेश्वर, गौर, लहान, सिरहा बजारजस्ता सहरी क्षेत्रमा पनि पुराना धारा तथा पाइपलाइन जीर्ण अवस्थामा छन्, जसका कारण नियमित आपूर्ति सम्भव भएको छैन। जनकपुरधाम उपमहानगर पालिकाभित्र हाल ४० हजार भन्दा बढी घरधुरी छन्। तर, खानेपानी संस्थानले जडान गरेका ४ हजार ६८५ धारामध्ये ५६ प्रतिशत मात्रले नियमित पानी पाउने गरेको तथ्यांक छ। बाँकी घरधुरीले वैकल्पिक रूपमा चापाकलको भरमा रहेका छन्।

वीरगन्ज महानगरपालिकाले खानेपानीको अभाव भइरहेका वडा-२, ४, १२, १६, १८ लगायतमा ट्र्यांकरमार्फत पानी वितरण सुरु गरिसकेको छ। प्रत्येक वडामा अस्थायी पानी ट्यांकी स्थापना गरिएको छ भने टोलटोलमा धारा निर्माणको प्रयास भइरहेको जनाइएको छ। जनकपुरधाम, जलेश्वर, राजविराज नगरपालिकाले पानीको समस्या बिर्सेर असारे बजेट मिलाउनमा भिडेको देखिएको छ। स्थानीय तहहरूलाई अल्पकालीन राहत योजनाहरू ट्यांकरबाट पानी वितरण, नयाँ चापाकल जडान, र वर्षा पानी संकलन प्रणाली अपनाउन आवश्यक रहेको बेला जनताको समस्यालाई बिर्सेर बजेट मिलाउनमा भिडेको देख्दा दुःख लाग्ने गरेको स्थानीयको भनाइ छ।

## चुरे विनाशको असर

खानेपानी अभावको मूल जड चुरे क्षेत्रको दोहनमा रहेको जलस्रोत विज्ञहरू बताउँछन्। वन विनाश, अवैज्ञानिक खानी उत्खनन र पानी पुनःभरण नभएका कारण भूमिगत जलको मात्रा घट्दै गएको हो। यसको प्रत्यक्ष असर मधेसका बस्तीहरूमा परेको छ, जहाँ ८० प्रतिशतभन्दा बढी जनता चापाकलमा निर्भर छन्।

## २५ प्रतिशत मात्रै धान रोपाइँ

यता धान रोपाइँको समयमा आकाशे पानीको भरमा रहेको मधेस प्रदेशमा लामो समयदेखि वर्षा नै नभएपछि हालसम्म २५ प्रतिशत मात्रै रोपाइँ हुन सकेको छ। कृषि मन्त्रालय मधेस प्रदेशका कृषि प्रसार अधिकृत अमरचन्द्र मण्डलका अनुसार अहिलेसम्म मधेसभरिमा ७५ देखि ८० प्रतिशत रोपाइँ सम्पन्न हुनुपर्नेमा २५ प्रतिशत मात्रै सम्पन्न हुनु एकरूपले मधेसमा खडेरीको सम्भावना बढ्दै गएको रूपमा लिन सकिने बताए। अहिले पनि ४-५ दिनभित्र पर्याप्त वर्षा भए किसानले रोपाइँ सम्पन्न गर्न सक्ने सम्भावना छ तर आकाशे पानीको भरमा रहेको मधेसको किसानले १ हप्ताभित्र वर्षाको पानी नपाए मधेसमा खडेरी पर्न सक्ने सम्भावना रहेको उनको भनाइ छ। उनले भने, 'अहिले नै मधेसको अवस्था बिग्रियो भनेर आँकलन नगरौँ, वर्षा हुने सम्भावना छ, पानी परेपछि स्थितिमा सुधार आउँछ।'

मधेसमा मंगलबारसम्मको र ोपाइँ सम्पन्नको तथ्यांक हेर्ने हो भने सिरहा जिल्लामा धान र ोपाइँ हुने कुल क्षेत्रफल ५४ हजार हेक्टर मध्ये १३ हजार ५०० हेक्टरमा रोपाइँ सम्पन्न भएको छ, प्रतिशतमा हेर्ने हो भने २५ प्रतिशत रोपाइँ मात्र हुन सकेको छ। धनुषामा ४३ हजार ७०० हेक्टर मध्ये ७ हजार ४२९ अर्थात १७ प्रतिशत, बारामा ४६ हजार २० हेक्टर मध्ये १० हजार हेक्टरमा रोपाइँ सम्पन्न भएको अर्थात २१ दशमलव ७ प्रतिसत रोपाइँ भएको छ। त्यसैगरी पर्सामा ६१ दशमलव ९९ प्रतिशत रोपाइँ भएको छ, मधेस प्रदेशमा सबैभन्दा बढी रोपाइँ भएको जिल्लामा पर्सा नै रहेको छ। पर्सामा ३९ हजार ७३१ धान रोपाइँ हुने क्षेत्रफल मध्ये २४ हजार ६३१ हेक्टरमा धान रोपाइँ भएको छ। रौतहट, सर्लाही, सप्तरी र महोत्तरीमा क्रमशः ४०, ३०, १० र ९ दशमलव ४१ प्रतिशत रोपाइँ सम्पन्न भएको छ।

## संवेदनशील छैन मन्त्रालय

लामो समयदेखि वर्षा नभएको कारण खेतीपाती गर्नमा समस्या आइरहेको बेला व्यापक सिँचाइको व्यवस्था मिलाउन मधेस प्रदेशका ऊर्जा सिँचाइ तथा खानेपानी मन्त्रालयले नीति बनाउनुपर्नेमा असारको चटार ोमा व्यस्त रहेको पाइएको छ। मन्त्रालयले मधेसमा हुन सक्ने खडेरीलाई मध्यनजर गर्दै किसानलाई सिँचाइको व्यवस्था मिलाउन कस्तो नीति लिएको भनेर पटकपटक मन्त्रालयका निमित सचिव रामकुमार खंगलाई फोन गर्दा उनले फोन



उठाएनन्। त्यसपछि मन्त्रालय नै पुगेर सचिवसँग भेटनका लागि घन्टौँ कुर्दा पनि भेट्न नबोलाएको सचिवले मधेसका किसानप्रति कतिको संवेदनशील छ भनेर प्रष्ट हुन्छ। सचिवले किन भेट्न नचाहेको बुझ्न खोज्दा अहिले असारे बजेटका कारण व्यस्त र हेको जानकारी पाइयो।

## अपुग छ मल

कृषि मन्त्रालयले धान खेतीको मध्यनजर गर्दै २९ जेठको निर्णयअनुसार मधेस प्रदेशको ८ वटै जिल्लामा ५ हजार ९६३ मेट्रिक टन डिएपी मल र २३ असारको निर्णयअनुसार ८ वटै जिल्लामा ७ हजार १५६ मेट्रिक टन युरिया मल वितरण गरेको छ। प्राप्त तथ्यांकअनुसार सप्तर ीमा १३ दशमलव ३१ प्रतिशत र हेको खेतीयोग्य जमिनका लागि ७९०, सिरहाको १४ दशमलव ६३ खेतीयोग्य जमिनका लागि ८२८ मेट्रिक टन, धनुषाको १२ दशमलव ६३ खेतीयोग्य जग्गाका लागि ७४७ मेट्रिक टन, महोत्तरीमा १२ प्रतिशतका लागि ६९८, सर्लाहीको १४ दशमलव ९१ प्रतिशतका लागि ८५६, र ौतहट, बारा र पर्सामा क्रमशः ७४९, ७१८ र ५७७ मेट्रिक टन डिएपी पठाएको मन्त्रालयले जनाएको छ। त्यसैगरी मन्त्रालयले सोही प्रतिशत बमोजिम सप्तरी, सिरहा, धनुषा, महोत्तरीमा क्रमशः ९५६, १ हजार ४६, ९०४, ८५४ मेट्रिक टन युरिया पठाएको छ भने सर्लाही, रौतहट, बारा र पर्सामा सोही प्रतिशत बमोजिम क्रमशः १ हजार ६७, ८५५, ७९८ र ६७१ मेट्रिक टन युरिया मल वितरण गरेको छ। वितरण गरिएको यी मलहरू किसानहरूका लागि पर्याप्त नरहेको मन्त्रालय नै स्वीकार्छ। सरकारले पठाए बमोजिम नै जिल्लामा वितरण गर्ने समस्या रहेकोले किसानलाई मलको अपुग व्याप्त रहेको र यसका लागि सरकारले मल खरिदमा बजेट बढाए मात्र सम्भव हुने कृषि प्रसार अधिकृत मण्डलले बताए।

## जनकपुरधामबासी भन्छन् अब भगवानको सहारा

जनकपुरधामबासी भन्छन्, 'रामराम भजु आरो कोनो उपाय नहै, पुरा देश पानी स डुइवगेलै मगर मधेसमे एको बुंद पानी नै परैछै, पापीसभ बेसी भगलै मधेसमे।' (राम राम भज्नुबाहेक अरू कुनै उपाय छैन, देश पानीले डुबायो तर मधेसमा एक बुँद पानीका लागि हाहाकार छ, पापीहरू धेरै बढे मधेसमा) भनेर दुःख पोख्छन्। पत्रकार श्यामसुन्दर शशीले यसमा देवताको कुदृष्टि लागेको भनेर दुस्प्रचार नगर्न आग्रह गरे। उनले जलवायु परिवर्तनको प्रत्यक्ष प्रभाव मधेसमा परेको र यसकारण मधेसमा गर्मीमा बढोत्तरीका साथै पानीको हाहाकार भएको छ। यसका लागि सरकारलाई दीर्घकालीन योजनाका साथै वृक्षरोपण, चुरे विनाशबाट रक्षा नगरेसम्म कुनै पनि हालतमा मधेसलाई जलवायु परिवर्तनबाट बचाउन सकिँदैन।


## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# फरक क्षमता भएका व्यक्तिमाथि जलवायुको असर बढी: मुख्यमन्त्री सिंह



**खबर दर्पण समाचारदाता**

**असार २५ गते, बर्दिवास**

मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले जलवायु परिवर्तनको प्रतिकूल असर सबैभन्दा बढी फरक क्षमता ( अपाङ्गता) भएका व्यक्तिहरूमाथि पर्ने बताउँदै उनीहरूको जीवनस्तर उकास्न प्रदेश सरकार समन्वित ढंगले अघि बढ्ने बताएका छन् ।

बुधबार जनकपुरधाममा आयोजित ‘अपाङ्गता, जलवायु परिवर्तन र जीविकोपार्जन सम्मेलन २०८२: अवस्था, चुनौती र समाधान तर्फको पहल’ विषयक कार्यक्रममा बोल्दै मुख्यमन्त्री सिंहले फरक क्षमता भएका व्यक्तिको शिक्षा, सीपमूलक तालिम र र ोजगारीका लागि विशेष पहल आवश्यक रहेको बताए ।

‘सुविधा सम्पन्न नमूना विद्यालय तथा सीप प्रशिक्षण केन्द्रहरू प्रदेशमै स्थापना गर्नुपर्छ,’ उनले भने, ‘स्थानीय र प्रदेश सरकारले यसमा सहकार्य गर्दै अघि बढ्नुपर्छ ।’

लाइफ नेपालको आयोजना, अष्ट्रेलियन एडको आर्थिक सहयोग र सिभिएम ग्लोबलको समन्वयमा सम्पन्न सम्मेलनमा सरोकारवालाहरूले जलवायु संकटमा फरक क्षमता भएका नागरिकको पहुँच, अवसर र अधिकार सुनिश्चित गर्न राज्य जिम्मेवार हुनुपर्ने धारणा राखे ।

जनकपुरधाम उपमहानगरका प्रमुख मनोज कुमार साहले नगर भित्र फरक क्षमता भएका व्यक्तिको वर्गीकरणसहित लक्षित कार्यक्रम सञ्चालन भइरहेको जानकारी दिए । उनले जीवनोपयोगी कार्यक्रमका लागि संस्थागत लगानी महत्त्वपूर्ण भएको बताए ।

कार्यक्रममा विभिन्न संघसंस्था, अधिकारकर्मी, अपाङ्गता क्षेत्रका प्रतिनिधि तथा विज्ञहरूको समेत सहभागिता रहेको थियो ।

# मधेशमा २५ प्रतिशत मात्रै रोपाइँ



**खबर दर्पण समाचारदाता**

**असार २५ गते, बर्दिवास**

वर्षा नहुँदा मधेश प्रदेशमा खडेरीको समस्या बढ्दै गएको छ । मौसम विभागले यो वर्ष औसतभन्दा बढी पानी पर्ने जनाएको थियो । तथापि असार तेश्रो साता बित्न लाग्दासमेत मधेशमा मनसुनको प्रवेश भएको छैन । खुला आकाश, चर्को घाम र उखरमाउलो गर्मीले तत्कालै पानी पर्ने सम्भावना पनि देखिँदैन ।

वर्षा अभावले मधेशका ७५ प्रतिशत खेतमा रोपाइँ हुन सकेको छैन । बोरिङको सिँचाइले रोपिएका धान पनि चिस्यान अभावले पिल्सिदै गएका छन् । धानका ब्याड पहेँलिएका छन् ।

खडेरीले मधेशको उत्तरी भेगदेखि दक्षिणी मैदानसम्म आक्रान्त पारेको छ । सिमावर्ती गाउँपालिका समसी १ पर्सादिवाडका वडाध्यक्ष विपिन यादवले आफ्नो क्षेत्रमा ५ प्रतिशत पनि रोपाइँ नभएको बताउनुभयो । जसले बोरिङबाट रोपेका छन् ती पनि मर्न लागेका छन् । उहाँले भन्नुभयो, ‘गत वर्ष मैले यो बेलासम्म आफनो २ विग्हा खेतमा रोपाइँ सकेको थिएँ । यसपाला साउन आउन लागिसक्दा पनि खेत वाँझै छन् ।’

मधेश प्रदेश कृषि निर्देशनालयका अनुसार मधेशमा अहिलेसम्म ५० प्रतिसतजति रोपाइँ भइसक्नु पर्ने थियो । निर्देशनालयका बालि संरक्षण अधिकृत सुदीप चौधरीले असार तेश्रो सतासम्म रोपाइँ भने २५ प्रतिशत मात्र भएको जनाउनुभयो ।

सबैभन्दा बढी पर्सा जिल्लामा ६२ प्रतिसत र सबैभन्दा कम महोत्तरीमा ९.४१ प्रतिशत मात्र रोपाइँ भएको छ । त्यस्तै रौतहटमा ४०, सर्लाहीमा ३०, सिरहामा २५, बारामा २१.७ र सप्तरीमा १० प्रतिशत मात्र रोपाइँ भएको उहाँले बताउनुभयो ।

चौधरीले भन्नुभयो, ‘मधेश प्रदेशमा तीन लाख ७२ हजार ६४५ हेक्टर धान खेत छन् । समयमै पानी परेको भए अहिलेसम्म ५० प्रतिशत बढी रोपाइँ भइसक्नु पर्ने थियो । समग्रमा २५ प्रतिशत अर्थात त्रियान्नवे हजार १६१.२५ हेक्टरमा मात्र रोपाइँ भएको छ ।’

गौशाला १० भरतपुरखोरका किसान दिनेश महतोका अनुसार मनसुन आउने आसमा पम्प, बोरिङबाट रोपेको रोपो पनि पानी नपर्दा मर्ने अवस्थामा पुगेका छन् ।

कृषि ज्ञान केन्द्र महोत्तरीका प्रमुख देवानन्द रायले पानी नपर्दा नदीनालासमेत सुक्ने अवस्थामा पगेका छन् । नहर कुलोमा प्रयाप्त पानी बग्न छाडेको छ । भू-जल स्तर तल झरेको छ । बोरिङबाट पनि प्रयाप्त पानी नआउदा महोत्तरीमा धान रोपाइँले गति लिन नसकेको बताउनुभयो । उहाँले भन्नुभयो, ‘धान खेतीको प्रमुख आधार नै मनसुन हो । मनुसुन अनुकूल नभएसम्म यो समस्या समाधानको अर्को विकल्प देखिएको छैन ।’


**कमला छेउका बासिन्दाहरुका लागि महत्वपूर्ण सन्देश:**

🔦 **टर्च लाईट जोगाएर राखौं:** आपत्कालीन बेलामा अति आवश्यक हुन्छ।

📢 **खतराबारे जानकारी राखौं:** समाचार, सूचना र बाढी पूर्वानुमानमा अपडेट रहौं।

🪵 **बर्षायाममा** बाहिर निस्कँदा लठ्ठी साथमा लिएर जाऔं, अनिश्चित जमिनमा सहयोग गर्छ।

🐍 **सर्पको खतरा हुन्छ:** राती निस्कँदा अनिवार्य टर्च लिएर निस्कौं।

🚨 **बाढीको सम्भावना** देखिएपछि विशेष सतर्कता अपनाऔं, सुरक्षित स्थानमा जान तयार रहौं।

**गणेशमान चारनाथ नगरपालिका**
विपद् व्यवस्थापन समिति
बीरेन्द्रबजार, धनुषा



**बर्दिवास नगरपालिका, महोत्तरी**

**जनहितमा जारी सन्देश**

**“पानी जीवन हो – यसलाई जोगाऔं, बचाऔं”**



- सफा र उमालिएको पानी मात्र पिउनुहोस् ।
- खाना खानुअघि र शौचालय पछि साबुन पानीले हात धुनुहोस्।
- पानी बचत गरौं, भोलीको लागि सुरक्षित गरौं ।
- जलस्रोत र नदीनालाको मुहान संरक्षण हाम्रो कर्तब्य हो ।
- इनार, कुवा, तलाउ, पोखरी जस्ता प्राकृतिक जलस्रोतहरू संरक्षण गरौं।
- वर्षातको पानी जम्ने व्यवस्था मिलाएर भूजल भण्डार संरक्षण गरौं।
- ट्युवेल, कुलो, पानी ट्यांकी तथा सिँचाइ नहरहरूको नियमित सफाइ गरौं।
- जलश्रोतमा फोहोर फाल्ने, साबुन/केमिकल हाल्ने काम नगरौं ।



**जानकी एकेडेमीक हस्पिटल प्रा.लि.**

Service to Save Life

Hot line number
९८५४०२१३९५, ९७४८४५७४९०

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा श्‍दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।

# जनकपुरधाममा ससुराको हत्यामा संलग्न ज्वाइँ एक सातापछि पक्राउ

**खबर दर्पण समाचारदाता**
**असार २५ गते, बर्दिवास**

जनकपुरधाममा आफ्नै ससुराको छुरा प्रहार गरी हत्या गरेका ४८ वर्षीय ज्वाइँ बेचन महासेठलाई प्रहरीले एक सातापछि पक्राउ गरेको छ। जनकपुरधाम उपमहानगरपालिका-२१ कुर्थाका महासेठले गत असार १८ गते बिहान उपमहानगरपालिका-१५ कुवारामपुरका ६५ वर्षीय ससुरा बासुदेवप्रसाद साह (बिमल)को पेटमा चारपटक छुरा प्रहार गरेका थिए। घरेलु विवादकै कारण क्रोधित भएर उनले घटनास्थलमै साहको ज्यान लिएका थिए।

धनुषाका प्रहरी प्रमुख एसपी नरहरि रेग्मीका अनुसार घटनापछि फरार रहेका अभियुक्तलाई मंगलबार जनकनन्दनी गाउँपालिका नजिकको रेल्वे स्टेशन क्षेत्रबाट विशेष सुराकीका आधारमा पक्राउ गरिएको हो। पक्राउका क्रममा हत्यामा प्रयोग गरिएको स्टिलको छुरा र भाग्न प्रयोग गरिएको रातो-कालो रंगको होन्डा स्कुटर (प्रदेश ०२-००७ प. ९९३२) समेत प्रहरीले बरामद गरेको छ। मृतक साह जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज साहका काका हुन्। जिल्ला प्रहरी कार्यालय धनुषामा बुधबार आयोजित पत्रकार सम्मेलनमार्फत प्रहरीले अभियुक्तलाई सार्वजनिक गरेको हो। हाल बेचन महासेठमाथि कर्तव्यज्यान मुद्दा दर्ता गरी थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ।




# मधेशलाई ट्रान्जिट एरिया बनाउन खोजिएको भन्दै चिन्ता




**खबर दर्पण समाचारदाता**
**असार २५ गते, बर्दिवास**

नेपालमा बढ्दो सुरक्षा चुनौती र आतंकवादको सम्भावित जोखिमबारे जनचेतना फैलाउने उद्देश्यले जनकपुरधाममा 'जिहादी आतंकवाद र मधेश-नेपालको सुरक्षा चुनौती' विषयक विशेष बहस कार्यक्रम शुरु भएको छ।

बुधबारदेखि शुरु भएको दुईदिने बहस कार्यक्रम राष्ट्रिय एकता अभियानको आयोजनामा सञ्चालन भइरहेको हो। उद्घाटन सत्रमा अभियानका केन्द्रिय अध्यक्ष विनय यादवले भारत-नेपाल खुला सिमानाको दुरुपयोग गर्दै पाकिस्तान समर्थित आतंकी समूहहरूले मधेशलाई ट्रान्जिट एरिया बनाउने प्रयास गरिरहेको भन्दै चिन्ता व्यक्त गरे।

कार्यक्रममा विशिष्ट अतिथि रहेका अभियानका केन्द्रिय उपाध्यक्ष तथा पूर्व संविधानसभा सदस्य भूपेन्द्र चौधरीले नेपालका सुरक्षा निकायहरू अझ सतर्क र सक्रिय हुनुपर्नेमा जोड दिए। उनले भने, 'राज्य संयन्त्र समयमै सजग नभए बाह्य षड्यन्त्रले मधेश मात्र नभई सम्पूर्ण राष्ट्र अस्थिर बनाउने खतरा छ।'

कार्यक्रममा अभियानका अन्य केन्द्रीय सदस्यहरू जितेन्द्र दास, मनीष पुर्वे, दीपू झा, पंकज झा लगायतको उपस्थिति रहेको थियो। वक्ताहरूले सीमा क्षेत्रको सुरक्षालाई बलियो बनाउन र नागरिकस्तरमै चेतना अभिवृद्धि गर्न यस्ता बहस आवश्यक रहेको बताए।

दुई दिनसम्म चल्ने कार्यक्रममा विभिन्न क्षेत्रका बुद्धिजीवी, सुरक्षा विश्लेषक, राजनीतिकर्मी र सामाजिक अगुवाहरूले आ-आफ्ना विचार राख्ने आयोजकले जनाएको छ।




# महोत्तरी पूर्वाधार विकास कार्यालय घटनामा छानबिन समिति गठन

**खबर दर्पण समाचारदाता**
**असार २५ गते, बर्दिवास**

महोत्तरीस्थित पुर्वाधार विकास कार्यालयमा असार २३ गते राति भएको घटनाप्रति जिल्ला प्रशासन कार्यालय महोत्तरीले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

बुधबार सार्वजनिक गरिएको प्रेस विज्ञप्तिमा घटनासम्बन्धी सत्यतथ्य पत्ता लगाउन छानबिन समिति गठन भइसकेको र छिट्टै प्रतिवेदनका आधारमा कारबाही प्रक्रिया अघि बढाइने उल्लेख छ। महोत्तरीका प्रमुख जिल्ला अधिकारी नारायण प्रसाद रिसालद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ, 'सामाजिक सञ्जाल तथा सञ्चार माध्यममार्फत सार्वजनिक भएको सो घटनाको वस्तुस्थिति छानबिन गर्न समिति गठन भई कार्य प्रारम्भ भइसकेको छ। समितिबाट प्राप्त प्रतिवेदनका आधारमा प्रचलित कानुन अनुसार दोषीमाथि कारबाही हुनेछ।'

प्रशासनले घटनाप्रति चिन्ता व्यक्त गर्दै सम्बन्धित सरोकार वाला निकाय र आम जनसमुदायलाई संयमित रहन तथा छानबिनको नतिजाको पर्खाइ गर्न अपिल गरेको छ।

यही असार २३ गते राति पुर्वाधार विकास कार्यालयमा भएको कथित तोडफोड, आक्रमण वा अन्य अवाञ्छित गतिविधिसम्बन्धी विवरणहरू सामाजिक सञ्जालमा सार्वजनिक भएपछि यसले व्यापक चासो उत्पन्न गरेको थियो।

प्रशासनले छानबिन निष्पक्ष र पारदर्शी हुने दाबी गर्दै कानुनको शासन अनुसार दोषीलाई उम्मुक्ति नहुने स्पष्ट पारेको छ।

तपाईको शहर वर्दिवासमा




**सम्पर्क गर्नुहोस्।**
044550565, 9801042026

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,